"समृद्ध खाँदबारी नगर"
# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, संखुवासभा
कोशी प्रदेश, नेपाल ।

## आ.व. २०८३/०८४ को लागि सवारी पार्किङ्ग शुल्क खाँदबारी नगरपालिका वडा नं. १ स्थित खाँदबारी बसपार्क सञ्चालन कार्यको दरभाउपत्र पेस गर्ने बारेको सूचना ।

**(दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०९ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०४/२१ गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम यस नगरपालिकाको वडा नं. १ स्थित खाँदबारी बसपार्क आ. व. २०८३/०८४ भर सञ्चालन गर्नको लागि बढाबढमा दरभाउपत्र ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायको शर्तहरुको अधिनमा दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क्र.सं. | आय ठेक्का नं. | सवारी पार्किङ्ग शुल्कको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम बार्षिक ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | KMO-KVP-01-2083/084 | खाँदबारी नगरपालिका वडा नं. १ स्थित सवारी पार्किङ्ग शुल्क (खाँदबारी बसपार्क सञ्चालन कार्य) | रु. ५,५०,०००।- (अक्षरेपी पाँच लाख पचास हजार मात्र) | |

**शर्तहरु :-**

१. दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र रु. १,०००।- (अक्षरेपी : एक हजार मात्र) यस नगरपालिकाको राजश्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सातौं दिनको ठीक ५:०० वजे भित्रमा दरभाउपत्र फारम खरिद गरी सक्नुपर्नेछ । आठौं दिनको १२:०० बजे भित्र दरभाउपत्र फारम पेस गरिसक्नुपर्नेछ । रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो कुनैपनि बक्यौता बाँकी रहेकोले दरभाउपत्र पेस गरेको भए बदर गरिनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क वरावरको नगद वा चेकबाट रकम बुझाउनुपर्नेछ ।

६. दरभाउपत्र दाताले कवोल रकमसाथ खाँदबारी नगरपालिका स्थित राष्ट्रिय वाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको खाँदबारी नगरपालिकाको कार्यालयको धरौटी खाता नं. २०८०१००३०३००००२ मा बार्षिक कवोल अङ्कको २.५ (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम वापत् जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क "क" वर्गको बैङ्कहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको मान्य अवधि भएको बैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नुपर्नेछ ।

७. यात्री वा ग्राहकबाट सवारी पार्किङ्ग शुल्क खाँदबारी नगरपालिकाबाट स्वीकृत भएको आर्थिक ऐनमा तोकेबमोजिमको दररेट अनुसार सवारी पार्किङ्ग शुल्क उठाउनुपर्नेछ ।

२०८३।०५।०९

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फयाक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

८. बसपार्क सञ्चालनसम्बन्धी आन्तरिक व्यवस्थापन कार्यमा नगरपालिकाले कुनैपनि थप आर्थिक दायित्व ब्यहोर्ने छैन ।

९. बसपार्क सञ्चालन गर्ने कर्मचारीहरुले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहार गर्ने, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाइने छैन ।

१०. बस व्यवसायी, चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्नेछ ।

११. बसपार्क क्षेत्र भित्र बाहेक अन्य स्थानमा यातायातका साधन पार्किङ्ग गर्न, रोक्न वा हर्न बजाउन पाईने छैन ।

१२. प्रचलित कानून बमोजिम दर्ता वा स्वीकृतीको प्रमाण साथमा राखी बसपार्क क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यत्र बस्तु वा सेवाको व्यापार वा व्यवसाय सञ्चालन वा विक्रि वितरण गर्न पाईने छैन ।

१३. दरभाउपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१४. यातायात व्यवसायीले टिकट वुङ्किक काउण्टर बसपार्क क्षेत्र भित्र रहेको सम्वन्धित टर्मिनल भवनबाट नै सञ्चालन गर्नुपर्नेछ । अन्यथा यस कार्यालयले नियमानुसार बल प्रयोग गरी हटाउन सक्नेछ ।

१५. दरभाउपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१६. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, तथा सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२ र नेपालको प्रचलित ऐन, कानूनबमोजिम हुनेछ ।

१७. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

............
२०८३/०५/०३

विमल वानिया

अधिकृत

राजस्व उपशाखा

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४

वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com